**छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०८०

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०८०

**प्रमाणिकरण मिति**
२०७४।०४।१०

| | |
|---|---|
| प्रथम संशोधन कार्यविधि | २०७९।०६।१० |
| दोस्रो संशोधन कार्यविधि | २०८०।०४।१० |
| तेस्रो संशोधन कार्यविधि | २०८०।०७।२२ |

सम्वत् २०८० सालको कार्यविधि नं. ४

**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कानूनलाई संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावना:** स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि ५वाञ्छनीय भएकोले,

निर्माण व्यवसाय ऐन, २०५५ को दफा २७, निर्माण व्यवसाय निमामावली, २०५६ को नियम ७ को ५उपनियम (६) तथा नियम २० को अधिकार प्रत्योजन तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को ५उपदफा (२) को खण्ड (छ) को उपखण्ड (१०) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि ५स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा:-

(क) "ऐन" भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले निर्माण व्यवसाय निमामावली, २०५६ सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको समितिलाई सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) "कोष" भन्नाले छायाँनाथ रारा नगरपालिकाको मुल संचित कोषलाई सम्झनु पर्छ।

५तेस्रो संशोधन

## परिच्छेद-२
## इजाजत पत्रको नीति तथा समिति सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

४. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस छायाँनाथ रारा नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-४ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा देहाय बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्छ।

(क) प्राविधिक शाखाका प्रमुख (इन्जिनियर) वा प्रमुखले तोकेको प्राविधिक -अध्यक्ष

(ख) सब इन्जिनियर (एक) -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति -सदस्य

५(घ) समितिको बैठक सम्बन्धी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र वापत नगरपालिकाले तोके बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान ५गर्नु पर्छ।

५(५) दफा ४ बमोजिम दिएको ईजाजतपत्रको अभिलेख किताब अनुसूची-२क बमोजिम "घ" वर्गको निर्माण व्यवसायहरुको अभिलेख पुस्तिका राख्नु पर्छ।

५. **दर्ता किताबः** (१) नगरपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजतपत्रको निर्माण व्यवसाय नियमावली २०५६ को अनुसूचि-८ (संसोधन सहित) बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अध्यावधिक बनाई राख्नुपर्नेछ।

५तेस्रो संशोधन

## परिच्छेद-३
## "घ" वर्ग निर्माण व्यवसायी र दायित्व

६. **"घ" निर्माण व्यवसायीः** (१) निर्माण व्यवसाय नियमावली, २०५६ को नियम १० को ⁕उपनियम (२) को खण्ड (घ) बमोजिम सोही नियमावलीको अनुसुचि-१३ बमोजिमको योग्यता हुनेलाइ "घ" वर्गको निर्माण व्यवसायी भनिनेछ।

(२) ⁕उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वतः वर्गिकृत भएको मानिनेछ।

७. **सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्ने दायित्वः** (१) निर्माण व्यवसायिले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाणपत्र प्राप्त गरेका पैंतीस दिन भित्र निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूचि-१४ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु सम्बन्धीत व्यवसायिको दायित्व हुनेछ।

(२) ⁕उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि सम्बन्धीत निर्माण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एक प्रति विवरण यस कार्यालयलाई पनि पठाउनु पर्नेछ।

(३) समितिले ⁕उपदफा (१) बमोजिम प्राप्त विवरणको अभिलेख निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसुची-१५ बमोजिम राख्नु पर्नेछ।

८. **निर्माण व्यवसायीलाई समुहीकरण गर्ने आधारः** (१) निर्माण व्यवसाय नियमावली, २०५६ को नियम १० बमोजिम वर्गीकृत व्यवसायीलाई समुहीकरण गर्ने आधार नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## विविध

९. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) ⁕दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा १० बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अवधिसम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र यस नगरपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप संघीय/प्रदेश को कर कार्यालय तथा यस नगरपालिकाको कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित

⁕तेस्रो संशोधन

यस नगरपालिकाबाट तोकिए बमोजिमको दस्तुर तिरी ॐ अनुसूची-२ख बमोजिमको नविकरण दरखास्त फारम साथ संलग्न राखि पेश गरी नविकरण गराउनु पर्छ । इजाजतपत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-३ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्छ । यसरी अनुसूची-३ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न नगरपालिका वाध्य हुने छैन।

✍(क) आवश्यक प्रमाण सहित नविकरणका लागि सम्पर्कमा आउने व्यवसायीको हकमा चालु आ.ब. को असोज मसान्तसम्म गत भन्दा अघिल्लो आ.ब. को करचुक्ता प्रमाण पत्र पेश भएमा नविकरण गर्ने र असोज मसान्त पछि गत वर्षको करचुक्ता अनिवार्य पेश गर्नु पर्ने तथा पौष मसान्तसम्मका लागि कर चुक्ताको हकमा आन्तरिक राजश्व कार्यालयबाट जारी भएको म्याद थप पत्र भए पनि नियमानुसारको दस्तुर लिई "घ" वर्गको निमार्ण व्यवसायी ईजाजतपत्र पत्र नवीकरण गर्ने उल्लेखित अवधी पछी करचुक्ता प्रमाणपत्र नगर्ने व्यवसायीको फर्म स्वतः अमान्य हुनेछ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ।

१०. **इजाजतपत्रको खारेजीः** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) ॐदफा ९ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

११. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः** (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूचि २ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

✍दोस्रो संशोधन

ॐ तेस्रो संशोधन

⁎११(क) "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र धनीले कुनै एक स्थानबाट अर्को स्थानमा नामसारी तथा ठाउँ सारी गर्ने निर्माण व्यवसायी तथा फर्मको हकमा आवश्यक कागजात सहित सम्बन्धीत स्थानीय तहको सहमतीमा निर्णयार्थ नामसारी तथा ठाउँ सारी गर्न सकिनेछ।

⁎११(ख) "घ" वर्गको ईजाजतपत्रमा कोही कसैले नाम तथा थर परिवर्तन गर्नु परेमा कारण सहित आवश्यक प्रमाण संलग्न राखी रित पूर्वकको निवेदन पेश गरी त्यस्ता निवेदन संकलन गरी नगर कार्यपालिकाको बैठकमा पेश गरी बैठकबाट निर्णय पारित भए पश्चात माग बमोजिमको व्यहोरा सच्याउन मिल्नेछ।

**१२. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-४

## बचाउ

**१३. बचाउः** (१) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

⁎ पहिलो संशोधन

**अनुसूची-१**
**(दफा ४ को उपदफा (१) संग सम्बन्धित)**
**ईजाजतपत्रको लागि दिईने दरखास्त**

विषयः इजाजतपत्र पाँउ भन्ने बारे।

फोटो

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,
छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु।

⁕यस छयाँनाथ रारा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८० बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

१. दरखास्त पेश गर्ने फर्म वा सम्पनीकोः-
नामः-
ठेगानाः- पोष्ट बक्सः-
टेलीफोन न.- फ्याक्स नं.- ईमेलः-

२. फर्म वा कम्पनीको प्रकृति
☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी ☐ साझेदारी
(कोष्टमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिकोः-
नामः-
ठेगानाः- पोष्ट बक्सः-
टेलीफोन न.- फ्याक्स नं.- ईमेलः-

४. फर्म वा कम्पनीको विवरणः-
दर्ता नं.- दर्ता मितिः-
अधिकृत पूजीः- जारी पूजीः-
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५. ईजाजतपत्र लिन चाहेको वर्गः- "घ" वर्गको

६. समूहीकरण हुन चाहेको समूहः-

⁕तेस्रो संशोधन

७. आर्थिक श्रोतको विवरणः-

| | रकम | वित्तिय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायि ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

८. ५कामदारको विवरण (जनशक्ति)- पुरा समय काम गर्ने लिखित मञ्जुरनामा दिने।

| सि.नं. | कामदारको नाम | पद | ठेगाना | सम्पर्क नं. | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | ईन्जि./सव.ईन्जि | | | सि.भि. ईन्जि. विषयमा प्रविन्ता प्रमाणपत्र उतिर्ण | |
| २ | | लेखापाल | | | +२ वाणिज्य | |
| ४ | | नायाब सुब्बा | | | +२ अन्य | |

प्रविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरनामा पेश गर्नु पर्ने छ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन औजारको विवरणः-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | ट्रिपर/ट्याकटर(एक/एक थान) | | | | | |
| २ | मिक्सर (एक थान) | | | | | |
| ३ | Theodolite/Level Machine (एक सेट) | | | | | |
| ४ | वाटर पम्प (तिन थान) | | | | | |
| ५ | भाइब्रेटर (तीन थान) | | | | | |

द्रष्टव्यः यस विवरण उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चाँलु हालतमा रहेको छ भनि मेकालिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ।

५तेस्रो संशोधन

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१०क. ⁵दरखास्त र निवेदन, ईजाजत दस्तुरः-

| सि.नं. | मिति | रसिद नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः-

(क) ⁵ मिति ................................. गतेमा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र लिएको

(ख)

(ग)

यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाकोः-

दरखास्तः-

मितिः-

**द्रष्टव्यः-** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाण प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

.........................................................................................................................

कार्यालय प्रयोजनको लागि

जाँच बुझ, अनुगमन तथा निरिक्षण समितिको ठहर र प्रतिवेदन

⁵तेस्रो संशोधन

अनुसूची-२

(दफा ४ को उपदफा (४) संग सम्बन्धित)

## ईजाजतपत्र

ईजाजतपत्र नं. .................... मितिः.......................

छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु, नेपाल।

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०८० को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ................................................. स्थित कार्यालय भएको ............................ फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ।

ईजाजतपत्र दिनेकोः-
दरखास्तः-
नामः-
पदः-
मितिः-
कार्यालयः-

(यस वृतभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

नविकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दरखास्त |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

[५]अनुसूची-२क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

नयाँ ईजाजतपत्र अभिलेख किताब

| सि.नं. | निर्माण व्यवसायको नाम | निवेदन | | जाँचबुझ सिमिति बाट प्रतिवेदन प्राप्त मिति | कार्यपालिकामा | | ईजाजतपत्र | | कार्यालय प्रमुखको नाम र दस्खस्त | ईजाजतपत्र बुझनेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मिति | द.नं. | | पेश मिति | निर्णय मिति | नं. | मिति | | नाम | सम्पर्क नं. | दस्तखत |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

✲तेस्रो संशोधन

✲अनुसूची-२ख
(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

ईजाजतपत्र नविकरणको लागि दिईने दरखास्त

विषयः "घ" वर्गको ईजाजतपत्र नवीकरण गरी पाँउ भन्ने बारे।

श्री छायाँनाथ रारा नगरपालिकाको कार्यालय,
गमगढी, मुगु, नेपाल।

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण छायाँनाथ रारा नगरपालिकाको दफा ९ को उपदफा (२) बमोजिम यो दरखास्त पेश गरेको छु।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) कोः-
   ९क० नामः
   ९ख० ठेगानाः
   ९ग० पोष्ट बक्स नं.-
   ९घ० टेलिफोन नं.-
   ९ङ० फ्याक्सः-
   ९च० ईमेलः-
२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-
   ९क० नामः
   ९ख० ठेगानाः

३. निर्माण व्यवसायीः-
   (क) प्रमाणपत्र नं.
   (ख) दर्ता मितिः
४.
   (क) ईजाजतपत्र नं.
   (ख) ईजाजतपत्र जारी भएको मितिः
   (ग) ईजाजतपत्र जारी गर्ने कार्यालय
५.
   (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं.
   (ख) नविकरण मितिः
६. ईजाजतपत्र नवीकरण दस्तुर र थप दस्तुर वापत रु............. (अक्षरेपी ..........) को सक्कल भौचर यसै साथ संलग्न छ ।



✲तेस्रो संशोधन

७. यस दरखास्त फारममा उल्लिखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संलग्न कागजातहरुः-

(क) कर चुक्ता प्रमाणपत्र .....................सम्मको,

(ख) फर्म वा कम्पनी दर्ता नवीकरण गरि दिने सिफारिस,

(ग) निर्माण व्यवसायी संघको नवीकरण गरिदिने सिफारिस,

(घ) अघिल्लो आर्थिक वर्षमा गरेको निर्माण कार्यको अनुसूची-३ बमोजिमको आवधिक (पास बुक) विवरण।

संस्थाको छाप

निवेदक निर्माण व्यवसायीको तर्फबाट
दरखास्त दिनेकोः-
नामः
पदः
दस्तखतः
मितिः

ईति सम्वत् २०... साल .......... महिना .......... गते रोज....... शुभम्.........................................।

५तेस्रो संशोधन

अनुसुची-३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धीत)

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पास बुक)

| सि.नं. | आयोजनाको नाम | ठेक्कादाता/सार्वजनिक निकायको नाम | ठेक्का स्वीकृत मिति | सम्झौता कार्यदेश मिति | ठेक्का विवरण | | | | सम्पादित कामको अवस्था (प्रगति %) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेक्का रकम | सम्झौता मिति | कार्य सम्पन्न मिति | भुक्तानी प्राप्त | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची-४

(दफा ४ को उपदफा (२) सँग सम्बन्धीत)

**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. **आर्थिक क्षमताः** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

२. **मुख्य जनशक्ति विवरणः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. **मेशीन र उपकरणः**

(क) ट्रिपर/टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः** (१) उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

(२) माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

(३) माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

(४) पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले
पशुपती शाही
नि. प्रमुख प्रशासकीय अधिकृत